बैठक संख्या ०२-०८२/८३

आज मिति २०८२ साल भाद्र ९ गते सोमवारका दिन लालझाडी गाउँ कार्यपालिकाको बैठक लालझाडी गाउँपालिका अध्यक्ष श्री निर्मल रानाज्यूको अध्यक्षतामा गाउँकार्यपालिकाको बैठक तपसिल बमोजिमको उपस्थितिमा सु-सम्पन्न गरियो ।

तपशिलः

श्री निर्मल राना, अध्यक्ष

श्री सपना चौधरी राना, उपाध्यक्ष

श्री प्यारेलाल राना, वडा-अध्यक्ष, कार्यपालिका सदस्य

श्री आशाराम राना, वडा-अध्यक्ष, कार्यपालिका सदस्य

श्री टिकाराम डगौरा, वडा-अध्यक्ष, कार्यपालिका सदस्य

श्री बहादुर राना, वडा-अध्यक्ष, कार्यपालिका सदस्य

श्री पहल बहादुर राना, वडा-अध्यक्ष, कार्यपालिका सदस्य

श्री हर्क नारायण जोशी, वडा-अध्यक्ष, कार्यपालिका सदस्य

श्री बासमती राना, कार्यपालिका सदस्य

श्री दिलमाया चौधरी, कार्यपालिका सदस्य

श्री विन्दुदेवी तिरुवा, कार्यपालिका सदस्य

श्री शान्ति सार्की, कार्यपालिका सदस्य

श्री गितादेवी कोली, कार्यपालिका सदस्य

श्री दुर्गादिवी कामी, कार्यपालिका सदस्य

श्री हेम राज उपाध्याय, निमित्त प्रमुख प्रशासकीय अधिकृत, सदस्य-सचिव

आमन्त्रितः

श्री कुबेर बहादुर बम, शिक्षा अधिकृत

**कार्यपालिकाको बैठकका निर्णयहरु:**

निर्णय नं. १ यस लालझाडी गाउँपालिकाको लागि आ.व. २०८२/८३ का लागि सामाजिक विकास मन्त्रालय, सुदूरपश्चिम प्रदेश, धनगढी, कैलालीबाट विनियोजन बजेट अनुसारको क्रियाकलाप कोड नं. ११.४.२२.२९०८ को लालझाडी गा.पा. ५ देखतभूलि फूटबल खेल मैदानको संरचना निर्माण र चिल्ड्रन पार्कमा खुला व्यायामशाला निर्माण लालझाडी ५ कञ्चनपुर र ११.४.२२.२८८७ को लालझाडी १ बाइसे विचवामा स्वास्थ्य चौकी र लालझाडी गा. पा. ५ देखतभूलि स्वास्थ्य चौकीमा एम्बुलेन्स खरिद कार्यक्रम कार्यान्वयन गर्नका लागि सामाजिक विकास मन्त्रालय, सुदूरपश्चिम प्रदेश, धनगढी, कैलालीलाई सिफारिस गर्ने निर्णय पारित गरियो।

निर्णय नं. २ यस लालझाडी गाउँपालिकाको वडा नं. २ मा रहेको १० (१०) शैया हस्पिटलका लागि सामाजिक विकास मन्त्रालय, सुदूरपश्चिम प्रदेश, धनगढी, कैलालीमा आवश्यक सामाग्रीहरु माग गर्ने निर्णय पारित गरियो।

निर्णय नं. ३ लालझाडी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयले मिति २०८२\०४\११ र १३ गतेका दिन रानाथारु समुदायको तिज पर्व र नागपञ्चमी\गुरही पर्वका अवसरमा दिएको स्थानिय बिदालाई अनुमोदन गर्दै मिति २०८२ साल भाद्र १० गते १ (एक) दिनका दिन हरितालिका तिजको पावन अवसरमा लालझाडी गाउँपालिका अन्तर्गतका कार्यालयमा स्थानीय बिदा दिने निर्णय गरियो।

निर्णय नं. ४ यस लालझाडी गाउँपालिकाको वडा नं. २ मा रहेको श्री भानु माध्यमिक विद्यालय, कञ्जलाई थप कक्षा (११-१२ सिभिल इञ्जिनियरिङ्ग) सञ्चालनका लागि अनुमति प्रदान गर्ने तथा नियमानुसार प्रशिक्षक र सहायक प्रशिक्षक नियुक्तिका लागि अनुमति प्रदान गर्ने निर्णय पारित गरियो।

निर्णय नं. ५ यस गाउँपालिकाको आन्तरिक श्रोतबाट व्यवस्थापन हुने गरी हाल सामुदायिक विद्यालयहरुमा कार्यरत गाउँपालिका अनुदान शिक्षकहरुको हाल खाईपाई आएको तलबमा मासिक रु. २०००।- (अक्षेरुपि दुई हजार मात्र) देहायको बमोजिम थप कायम हुनेगरी वि.सं. २०८२ श्रावण १ गतेदेखि वि.सं. २०८३ असार मशान्तसम्मका लागि म्याद थप तथा करार सम्झौता गर्न सम्बन्धित विद्यालयले गर्ने निर्णय पारित गरियो।

| **तह** | **आधारभूत तह कक्षा १-५** | **आधारभूत तह कक्षा ६-८** | **माध्यमिक तह कक्षा ९-१०** | **पोशाक भत्ता** | **चाडपर्व खर्च** |
|---|---|---|---|---|---|
| **हालको तलब** | मासिक रु. १५,०००।- | मासिक रु. १७,०००। | मासिक रु. २०,०००।- | रु. १०,०००।- | एक महिनाको तलबभत्ता बराबरको रकम |
| **अब कायम कायम गरिने तलब** | मासिक रु. १७,०००। | मासिक रु. १९,०००।- | मासिक रु. २२,०००। | | |

निर्णय नं. ६ लालझाडी गाउँपालिकाको स्थानीय शिक्षा ऐन, २०८१ को दफा ६ को उपदफा १ बमोजिम देहायका व्यक्तिलाई लालझाडी गाउँ शिक्षा समितिमा मनोनित गर्ने निर्णय पारित गरियो।

**देहाय :**

| **क्र.सं.** | **मनोनयन गरिएका व्यक्तिको नाम, थर र ठेगाना** | **कैफियत** |
|---|---|---|
| १. | श्री तेजराज तिरुवा, लालझाडी-२, कञ्चनपुर<br>श्री द्रोपति बोहरा, लालझाडी-२, कञ्चनपुर | दफा ६ को (१) (ङ) समाजसेवी, शिक्षाप्रेमी वा चन्दादाताहरुमध्येबाट गाउँ कार्यपालिकाबाट मनोनित एक |

२०८२/०४/०९

निर्मल राना
अध्यक्ष

| | | |
|---|---|---|
| | | जना महिला र एक दलितसहित दुई जना |
| २. | श्री वेद प्रसाद उपाध्याय, श्री भानु माध्यमिक विद्यालय, लालझाडी-२, कञ्चनपुर<br>श्री गुलाब राना, श्री बैजनाथ माध्यमिक विद्यालय, लालझाडी-४, कञ्चनपुर | दफा ६ को (१) (च) आधारभूत, माध्यमिक तह समेट्ने गरी विद्यालयका शिक्षक तथा प्रधानाध्यापकहरु मध्येबाट गाउँ कार्यपालिकाले मनोनित दुई जना |
| ३. | श्री मंगल प्रसाद चौधरी, श्री जनचेतना आधारभूत विद्यालय, लालझाडी-४, कञ्चनपुर | दफा ६ को (१) (ज) गाउँपालिका क्षेत्रको नेपाल शिक्षक महासंघका अध्यक्ष\प्रतिनिधि |
| ४. | श्री दिलिप सिंह ढाँट, लालझाडी-५, कञ्चनपुर | दफा ६ को (१) (झ) गाउँपालिकाभित्रका सेवा निवृत्त शिक्षकमध्येबाट गाउँपालिकाले मनोनित एक जना |

निर्णय नं. ७ यस लालझाडी गाउँपालिकाको कार्यपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री राज बहादुर सार्कीका पुजनीय बुबा स्वर्गीय श्री सकुवा सार्कीको मिति २०८२\०५\०३ गते राती ८:३० बजेको समयमा असामयिक निधन हुन गएकाले मृतकको आत्माको चीरशान्तीको कामनासहित भावपूर्ण हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारजन समवेदना व्यक्त गर्दै शोक प्रस्ताव पारित गरियो।

२०८२/०५/०३

निर्मल राना
अध्यक्ष